# मुसिकोट नगरपालिका

# स्थानीय राजपत्र

**खण्डः ३** **संख्या : ५** **अषाढ १५, २०७६**


## भाग-२

## मुसिकोट नगरपालिका
## नगर कार्यपालिकाको कार्यालयको

## सूचना

## कृषि विकास कार्यक्रम संचालन तथा व्यवस्थापन कार्यविधि, २०७६

संवत् २०७६ सालको कार्यविधि नं ५

प्रस्तावनाः संबिधानतः कृषि तथा पशुपालन, कृषि उत्पादनको व्यवस्थापन, पशु स्वास्थ, सहकारी, कृषि सडक, साना सिचाई लगायत कृषि प्रसार कार्यक्रमको संचालन, व्यवस्थापन र सोको नियमन गर्ने जिम्मेबारी एकल अधिकारको रुपमा स्थानीय सरकारमा निहित रहेको छ । यसैलाई आधार मानि संघिय व्यवस्थापिका संसदले स्थानीय सरकार संचालन ऐन २०७४

समेत पारित गरिसकेको छ । सो ऐनले स्थानीय तहको काम कर्तव्य र अधिकारलाई बिस्तृतरुपमा परिभाषित गरेको छ ।

उक्त परिप्रेक्षमा यस नगरपालिकाले संबिधान र ऐनले प्रावधान गरेका अधिकारको उपयोग गरी कृषिमा ब्यवसायीकरण र कृषि उद्यमसिलताको विकासगरी स्थानीय स्तरमा नै रोजगारिका अबसरहरुको सृजना गर्दै कृषकहरुको आयस्तर बृद्धी गर्ने उद्धेश्य लिएको छ । यस उद्धेश्यलाई हासिल गर्न यस नगरपालिकाले आफ्नो कार्यक्षेत्र भित्र प्राथमिकताका आधारमा कृषहरुको माग र आवस्यकता अनुसारका उपयुक्त कृषि प्रबिधि तथा सेवा सर्बशुलभरुपमा उपलब्ध गराउनु अनिवार्य भएकोले सो का लागि कृषि बिकास कार्यक्रमको तर्जुमा र सोको प्रभावकारी संचनलन तथा व्यवस्थापन गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को १०२ को उपदफा २ बमोजिम अधिनमा रहि यो "कृषि बिकास कार्यक्रम संचनलन तथा व्यवस्थपन कार्यविधी २०७६" तयार गरि जारि गरिएको छ ।

## परिच्छेद १
## नाम, परिभाषा र उद्धेश्य

### १. नाम र प्रारम्भ

क. यस कार्यविधीको नाम "नगर पालिकाको कृषि विकास कार्यक्रम संचालन तथा व्यवस्थापन कार्यविधी, २०७६" रहेको छ ।

ख. यो कार्यविधी मुसिकोट नगरपालिकाकार्यपालिकाले पारित गरेको मितिदेखि लागु हुनेछ ।

### २. परिभाषा

बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधीमा,

क)"नगर प्रमुख" भन्नाले नगरपालिकाकनगर प्रमुख सम्झनु पर्छ ।
ख)" उप प्रमुख "भन्नाले नगरपालिकाकोनगर उप-प्रमुख सम्झनु पर्छ ।

ग) "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लाइ बुझाउँछ ।

घ) "प्रमूख प्रशासकीय अधिकृत" भन्नाले नगरपालिकाको प्रशासकीय प्रमूखकको रुपमा काम गर्न जिम्मेवारी तोकिएको प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ ।

ङ) "कानून" भन्नाले संघीय कानून, प्रदेश कानून र स्थानीय कानून सम्झनु पर्छ ।

च) "कार्यपालिका" भन्नाले नगर कार्यपालिका सम्झनु पर्छ ।

छ)"कार्य विधि" भन्नाले नगर पालिकाको कृषि विकास कार्यक्रम संचालन तथा व्यवस्थापन कार्यविधी, २०७६ लाइ सम्झनु पर्दछ ।

ज)"कृषि" भन्नाले जीवन धान्न र विकास÷बृद्धिका लागि आवश्यक खाना, रेशा, जैविक उर्जा, जडिवुटी र अन्य बस्तु उत्पादन गर्न प्रयोग गरिने विरुवा, पशुपन्छी (माछा समेत) र ढुसी(च्याउजात) को खेती वा पालन र प्रजनन सम्बन्धि कार्य भन्ने बुझाउँछ ।

झ) "कृषक" भन्नाले कृषि वा कृषि क्षेत्रमा संग्लग्न व्यक्ति, उद्यमी र ब्यवसायी भन्ने बुझाउँदछ ।

ञ) "नगरपालिका " भन्नाले संविधान बमोजिम स्थापना भएका नगरपालिका सम्झनु पर्छ । यसले नगर कार्यपालिकालाई समेत जनाउने छ ।

ट) "नगरसभा" भन्नाले संविधानको धारा २२२ को उपधारा १ बमोजिमको नगर सभा सम्झनु पर्छ ।

ठ) "पदाधिकारी" भन्नाले कार्यपालिकाको प्रमुख, उप-प्रमुख, वडा अध्यक्ष तथा कार्यपालिकाका अन्य सदस्य सम्झनु पर्छ ।

ड) "प्रदेश" भन्नाले संघीय इकाइमा विभाजन गरिएको नेपालको संघीय इकाइको कर्णाली प्रदेश सम्झनु पर्दछ ।

ढ) "बिषयगत शाखा" भन्नाले नगर पालिकामा कृषि क्षेत्रको विकासका लागि स्थापना भएका शाखा, इकाई तथा सेवाकेन्द्रलाई जनाउँदछ । यसले अन्य विषयगत क्षेत्रको विकासका लागि मुसिकोट नगरपालिकामा स्थापना भएका शाखालाई समेत जनाउँदछ ।

न) "मन्त्रालय" भन्नाले कृषि विषय हेर्ने नेपाल सरकारको संघीय मंत्रालय तथा प्रदेश सरकारको प्रादेशिक मन्त्रालय सम्झनु पर्छ ।

फ)"योजना" भन्नाले आयोजना, परियोजना तथा कार्यक्रम समेतलाई जनाउँदछ ।

ब) "वडा" भन्नाले नगरपालिकाको वडालाई सम्झनु पर्छ ।

भ) "वडा अध्यक्ष" भन्नाले नगरपालिकाका वडाका अध्यक्ष सम्झनु पर्छ ।

म) "वडा समिति" भन्नाले संविधानको धारा २२२ को उपधारा ४ धारा २२३ को उपधारा ४ बमोजिमको नगरपालिकाको वडा समिति सम्झनु पर्छ ।

य) "सदस्य" भन्नाले, मुसिकोट नगरपालिका सभा वा मुसिकोट नगरपालिका कार्यपालिकाको सदस्य सम्झनु पर्छ र सो शब्दले मुसिकोट नगरपालिका सभा वा मुसिकोट नगरपालिका कार्यपालिकाकोमेयर, उपमेयर, वडा अध्यक्ष वा वडा समितिको सदस्यलाई समेत जनाउँछ ।

र) कृषि विकास समितिको सम्बन्धमा मुसिकोट नगरपालिकामा कृषि कार्यक्रम संचालन र व्यवस्थापन गर्न मुसिकोट नगरपालिकामा गठन भएको कृषि विकास समिति तथा उप समितिका संयोजक, उप संयोजक तथा सदस्य समेतलाई जनाउँछ ।

ल) "समिति" भन्नाले यस कार्यविधीको व्यवस्था अनुसार नगरपालिकामा गठन भएको कृषि विकास समिति तथा उपसमितिलाई जनाउँदछ ।

व) "संविधान" भन्नाले नेपालको संविधानलाइ सम्झनु पर्दछ ।

श) "संघ" भन्नाले संघीय संरचनाको सबै भन्दा माथिल्लो इकाइको रुपमा रहने संघीय तह सम्झनु पर्दछ ।

ष) "स्थानीय तह" भन्नाले नगरपालिकालाई जनाउँद छ ।

## ३. कार्यविधीको उद्देश्य

यस कार्यवधीको मूल उद्देश्य यस मुसिकोट नगरपालिकाले आफ्नो कार्यक्षेत्र भित्र अवलम्बन गर्ने कृषि विकास कार्यक्रमको तर्जुमा, सोको प्रभावकारी संचालन तथा व्यवस्थापनमा सहयोग पु¥याउने र कृषक परिवारलाई कृषि

सेवा प्रबाह गर्ने रहेका छ । यसका विशिष्ट उद्देश्यहरु देहाय अनुसार रहेका छन् ।

क) कृषिप्रसार सेवालाई बहुपक्षीय एवं प्रभावकारी रुपमा सञ्चालनका लागि यस नगरपालिका तथा वडा तहमा अवश्यक संस्थागत संरचना वनाउन र सोको प्रभावकारी परिचालनमा सहयोग गर्ने ।

ख) यस नगरपालिकाको आवधिक तथा वार्षिक कृषि विकास योजना तर्जुमा तथा कार्यान्वियनमा गर्न सहयोग पु¥याउने ।

ग) कार्यक्रम तर्जुमा तथा संचालनमा राजनैतिक तथा प्रशासनीक जवाफदेहिताको शुनिश्चितता गर्न सहयोग गर्ने ।

घ) कृषि तथा पशुपंक्षी विकासका कार्यक्रम संचालनका लागि आवश्यक नीति निर्माण तथा मापदण्ड निर्धारण गर्न सहयोग पु¥याउने ।

## परिच्छेद २
## कृषि विकास कार्यक्रम संचालन तथा व्यवस्थापनकालागि संस्थागत संरचना

### २.१. यस नगरपालिकाको संगठन संरचना तथा कर्मचारी व्यवस्था

क) यस मुसिकोट नगरपालिकामा आवश्यकता र प्राथमिकता अनुसार कृषि तथा पशुपंक्षी क्षेत्रको समग्र विकासका लागि कार्य संचालन गर्न गराउन यस मुसिकोट नगरपालिकाको पारित गरेको कार्य विभाजन नियमावली बमोजिम यस मुसिकोट नगरपालिकामा कृषि, पशुपंक्षी विकास शाखा, वडा तहमा इकाइ वा सेवा केन्द्र स्थापना गर्ने छ । कृषि तथा पशुपंक्षी विकास शाखाको काम, कर्तव्य र जिम्मेवारी स्थानीय सरकार संचालन ऐन २०७४ को अधिनमा रहि यस नगरपालिकाले पारित गरेको कार्य विभाजन नियमावलीमा व्यवस्था भए बमोजिम हुनेछ । त्यस्तै वडा वा सेवा केन्द्रस्तरमा समेत कृषि कार्यक्रम संचालन तथा व्यवस्थापन गर्न आवस्यक प्राविधिक सेवा सहज एवं प्रभावकारी वनउनका लागि

बहुपक्षीय कृषि प्रसार पद्धतीका लागि यस नगरपालिकाले आवाश्यक संयन्त्र वा इकाईको स्थापना गर्ने छ ।

ख) उक्त शाखा तथा वडा तहका संरचना वा सेवाकेन्द्रमा कति स्थायी र करारका कर्मचारी रहने छन भन्ने विषय यस मुसिकोट नगरपालिकाकोONM सर्भे गरि पारित गरेको संगठन संरचना अनुसार हुने छ ।

ग) यस नगरपालिकाले श्रोत साधनको अधिकतम उपायोग र सहकार्यका लागि अन्य सरकारी, गैह्रसरकारी संघसंस्था तथा निजी क्षेत्रका सेवा प्रदायकसँग साझेदारी गरि कृषिसेवा प्रवाहका लागि आवाश्यक संयन्त्र स्थापना तथा तिनको परिचालन गर्ने छ ।

घ) यस नगरपालिकाले आवश्यकता अनुसार स्थानीय कृषि श्रोत व्यक्तिहरुको विकास तथा परिचालन गरि कृषि प्रसार सेवाको बिस्तार गर्ने छ ।

## २.२कृषि विकास समितिको गठन तथा परिचालन

संविधान र स्थानीय सरकार संचालन ऐन २०७४ परिच्छेद ३ मा निर्धारण भएका कृषि विकासका कार्यक्रमलाई प्रभावकारीरुपमा कार्यान्वयन गर्न गराउन, आवश्यक कार्यक्रम तर्जुमा, स्थानीय कृषि विकासका निती नियम, कार्यविधी, मापदण्ड निर्धारण तथा जनप्रतिनिधिहरुको कार्यक्रम प्रति जबाफदेहिता सुनिश्चि गर्न यस मुसिकोट नगरपालिकाको पारित गरेको कार्य विभाजन तथा कार्यसम्पादन नियमावलीको अधिनमा रही सामाजिक समावेशिताका आधारमा यस नगर कार्यपालिका अन्तरगत कृषि विकास समिति गठन गरिने छ ।

यस नगरपालिकाको कृषि विकास समितिको संरचना निम्नानुसार हुने छ ।

१. मुसिकोट नगरपालिकाकोनगर उप प्रमुख (संयोजक)

२. मुसिकोट नगरपालिका कार्यपालिकाले तोकेको महिला सदस्य (सदस्य)

३.मुसिकोट नगरपालिका कार्यपालिकाले तोकेको दलित वा अल्पसंख्यक सदस्य (सदस्य)

४. मुसिकोट नगरपालिका का योजना शाखाका प्रमुख(सदस्य)
५. मुसिकोट नगरपालिका का उद्योग बाणिज्य संघ, कृषि उद्यमी, व्यवसायी, एग्रोभेटका प्रतिनिधि (सदस्य)

६. मुसिकोट नगरपालिका का वित्तीय एवं कृषि सहकारी संस्थाका महिला प्रतिनिधि (सदस्य)
७. मुसिकोट नगरपालिका भित्रका कृषक अगुवा मध्येबाट मनोनयन भएका एकजना महिला र एकजना पुरुष कृषक प्रतिनिधि (सदस्य)
८. कृषि वा पशु सेवा शाखाका प्रमुख (सदस्य सचिव)

नोटः नगरपालिकाका गुणस्तर नियन्त्रण शाखा, वजार व्यवस्थापन शाखाका प्रमुख वा प्रतिनिधि तथा कृषिसँग सम्बन्धित विशेषज्ञ वा अनुभवी कृषक, कृषिक्षेत्रमा उत्कृष्ट योगदान पुर्याउने पुयाउने व्यक्तिलाई आवश्यकतानुसार आमन्त्रण गर्न सकिनेछ ।

## कृषि विकास समितिको काम, कर्तव्य र अधिकार

स्थानीय सरकार संचालन ऐन २०७४ मा उल्लेखित प्राबधानहरुको परिधि भित्र रहि यस मुसिकोट नगरपालिका कृषि विकास समितिको काम, कर्तव्य र अधिकार निम्नानुसार हुने छ ।

## क. कृषि विकास योजना तर्जुमा

- नगरपालिकाको कृषि विकासको प्राथमिकताहरु निर्धारण गर्ने,
- नगर पालिकाको रणनैतिक, आवधिक तथा बार्षिक कृषि योजना तर्जुमा गरि मुसिकोट नगरपालिका सभाबाट अनुमोदन गराउने । योजना तर्जुमा गर्दा संबन्धित सबै सरोकारवालाहरुको सहभागिता सुनिश्चित गर्ने,
- महिला तथा बिपन्न वर्ग, व्यावसायीक कृषक लक्षित गरि कृषि विकास कार्यक्रम तर्जुमा तथा सोको कार्यन्वयनमा सहयोग गर्ने,

- मुसिकोट नगरपालिकामा कृषि सम्वन्धी सूचना, तथ्यांक राख्न, तिनको विश्लेषण र राजनैतिक निर्णय प्रक्रियामा यस्ता सूचना तथा तथ्यांकको उपयोग गर्न सहजीकरण गर्ने,

## ख. नीति निर्माण

- कृषि तथा पशु विकास संबन्धि स्थानीय नीति, कानून, कार्यविधी, मापदण्ड तर्जुमा गरि आवश्यकतानुसार मुसिकोट नगरपालिका कार्यपालिका तथा मुसिकोट नगरपालिका सभाबाट पास गराई स्थानीय राजपत्रमा प्रकासित गर्ने र सोको कार्यान्वयन गर्ने गराउने ।

## ग. समन्वय तथा सहकार्य

- नगरपालिकाका बिभिन्न समिति तथा उपसमितिहरु लगायत मुसिकोट नगरपालिका कार्यपालिका तथा नगर व्यवस्थापिकासँग समन्वय गर्ने,
- कृषि योजना तर्जुमा तथा सोको प्रभावकारि कार्यन्वयनका लागि कृषिमा समलग्न कृषक संघ, संगठन, कृषि सहकारी, विभिन्न सरकारी, गैह्रसरकारी संघसंस्था तथा निजी क्षेत्रहरुसँग समन्वय र सहकार्य गर्ने,
- कृषि विकाससँग सम्बन्धित कार्यका लागि अन्तर पालिका समन्वय, कृषि ज्ञानकेन्द्र, भेटेरिनरी हस्पीटल तथा पशु बिज्ञकेन्द्र, प्रदेश तथा संघिय सरकारका कार्यक्रम एवं आयोजनाहरुसँग सहकार्य र समन्वय गर्ने र स्थानीय स्तरमा यस्ता आयोजनाको कार्यान्वनमा सहजीकरण गर्ने,
- कृषि तथा पशु संवन्धि उत्पादन सामाग्री जस्तै मल, बीउ, नश्ल आदिको मापदण्ड निर्धारण तथा सो अनुगमनमा समन्वय एवं सहजीकरण गर्ने,
- स्थानीय उत्पादन, प्रंगारिक उत्पादन आदिको सिफारिस तथा आवाश्यक प्रमाणपत्र उपलब्ध गराउन सहजीकरण गर्ने,

- नगरपालिकामा मूख्य मूख्य कृषि तथा पशुजन्य उपजको विस्तार एवं विविधकरण र वजारीकरणका लागि यससँग सम्वन्धित बहुसरोकारवाला मञ्चको सञ्चालन एवं सहजीकरण गर्ने,
- संघ, प्रदेश तथा स्थानीय तहका कार्यक्रमको संयोजन तथा कार्यन्वयन र अनुगमनमा संयोजनकारी भूमिका निर्वाह गर्ने,
- संघ तथा प्रदेशका रणनैतिक प्राथामिकता प्राप्त कार्यक्रमलाई स्थानीय तहको लक्ष्य तथा उपलब्धिसँग जोड्ने ।

**घ. बजेट तथा जनशक्ति व्यवस्थापन**

- कृषि विकासका लागि आवश्यक बजेटको लेखाजोखा, व्यवस्थापन तथा सोको प्रभावकारी परिचालन गर्ने गराउने,
- मुसिकोट नगरपालिकामा कृषि विकास कार्यक्रम संचालनका लागि आवश्यक जनशक्तिको प्रक्षेपण तथा व्यवस्थापन गर्न मुसिकोट नगरपालिका कार्यपालिकालाई सहयोग गर्ने ।

**ङ. मुसिकोट नगरपालिकाकोकृषि विकासका सम्भाव्यता अध्ययन, अनुसन्धान गर्ने गराउने ।**

**च. अनुगमन तथा मुल्याङ्कन**

- नगरपालिकाद्वारा संचालित मुसिकोट नगरपालिकाबिभिन्न कृषि विकास कार्यक्रमहरुको नियमितरुपमा अनुगमन, उपलव्धिहरुको समिक्षा गरि कार्यपालिका, कृषि तथा पशु विकास शाखालाई रायसुझाब तथा निर्देशन दिने,
- संघ, प्रदेश तथा अन्य विभिन्न निकायबाट सञ्चालित कृषि तथा पशु विकासका कार्यक्रमको नियमित अनुगमन गरी सम्वन्धित पक्षलाई सुझाव दिने,
- कृषि तथा पशुविकास शाखामा अनुगमन तथा मूल्यांकन पद्धतीको स्थापना तथा कार्यन्वयनका लागि आवश्यक सहयोग तथा निर्देशन दिने ।

छ. मुसिकोट नगरपालिकामा संचालन हुने साना सिचाई आयोजनाहरुको सम्भाव्यता अध्यायन, सर्भे डिजाइन, निर्माण तथा संचालन कार्यका लागि आवाश्यक सहयोग गर्ने ।

ज. संघिय तथा प्रादेशिक सरकारबाट पालिकास्तरमा संचालन हुने सिचाइका योजनहरु प्रभावकारि रुपमा संचालनगर्न आवाश्यक सहयोग गर्ने ।

झ. क्षमता अभिबृद्धि

- कृषि कार्यक्रमलाई प्रभावकारि संचालन तथा व्यवस्थापनका लागि समितीका पदाधिकारि, कर्मचारीहरु, कार्यपालिका तथा व्यवस्थापीका सदस्यहस्को क्षमता अबिधृद्धि गर्ने,
- कृषि तथा पशुविकास शाखाको क्षमता अभिवृद्धिका लागि मुसिकोट नगरपालिका कार्यपालिका, प्रदेश तथा संघ र अन्य निकायसँग समन्वय एवं साझेदारी गर्ने,

ञ. कृषि उत्पादन सामग्रीहरुको सर्वशुलभ रुपमा उपलव्ध गराउन आवश्यक नीतिगत व्यवस्था गर्ने ।

ट. कृषि उत्पादन, उत्पदकत्व बृद्धि तथा उत्पादित बस्तुहरुको प्रशोधन र बजारिकरण गर्न आवश्यक नीतिगत व्यवस्था गर्ने ।

## परिच्छेद ३

## स्थानीय तहमा कृषि विकास कार्याक्रम सञ्चालन र व्यवस्थापन

३.१.यस मुसिकोट नगरपालिकाको कृषि विकासका निती नियम, कार्यविधी, मापदण्ड निर्धारण

- स्थानीय सरकार संचालन ऐनको परिधिभित्र रहेर यस नगर पालिकाले कृषि विकासको लागि ऐन, नीतिनीयम तथा कार्यक्रम संचालनक लागि आवश्यक मापदण्ड बनाइ सो को आधारमा कार्यक्रम संचालन गर्नु पर्ने छ ।

- नीति नियम तर्जुमा गर्दा महिला कृषक, युवा, बैदेशीक रोजगारीमा रहेका घर परिवारका सदस्यहरू, कृषि उद्धमी, साना तथा व्यवसायीक कृषकहरुका लागि लच्छित गरि सामाजिक समाबेशीताका आधारमा नीति निर्माणगरि लागु गर्ने ।

३.२. कृषि बिकास योजना र बजेट तर्जुमा

- यस मुसिकोट नगरपालिकाले कृषि विकास समितिको सहयोगमा भूगोल अनुसार प्राबिधिक रुपले उपयुक्त हुनेगरी कृषि क्षेत्रको प्राथमिकता निर्धारण गर्ने छ ।
- यस मुसिकोट नगरपालिकाले अल्पकालीन, मध्यकालीन तथा दीर्घकालीन कृषि विकास योजना तर्जुमागरी कार्यपालिकाबाट स्वीकृत गराई राख्ने र उक्त योजनामा लिएका नीति रणनीतिलाई आवश्यकतानुसार यस मुसिकोट नगरपालिकाको आवधिक योजनामा समावेश गरी लागु गर्ने गराउने ।
- यस मुसिकोट नगरपालिका बाट बजेट पूर्वानुमान र मार्गदर्शन प्राप्त भए पछि समितिको बैठक बाट वडास्तर र गाउँपालिका स्तरीय बजेट पूर्वानुमानलाई बाँडफाँट गर्न कृषि विषयक सबै सरोकारवालाको वैठक आयोजन गर्न्ने ।
- कृषि विकास समितीले स्वीकृत बिषयगत क्षेत्र र आवधिक योजनाले लिएका लक्ष र उद्देश्य प्राप्तिका लागि बार्षिक योजना तर्जुमाको सिलसिलामा बजेट पूर्वानुमान र मार्गदर्शन मा समावेश गर्न यस मुसिकोट नगरपालिका सग समन्वय गर्ने छ ।
- यस मुसिकोट नगरपालिकाले कृषि विकास को योजना तर्जुमा गर्दा साना तथा मझौला सिंचाईको योजनालाई समेत समाबेस गरि बनाउनु पर्ने छ । स्थानीय तहमा सिंचाईका योजना बनाउदा तथा सो को कार्या संचालन गर्दा जलउपभोक्ता समिति को सक्रिय सहभाकिता सुनुश्चित गर्नु पर्ने छ ।
- योजनाको प्राथमिकता निर्धारण, तर्जुमा तथा कार्यान्वयन अनुसूची १ बमोजिम हुनेछ ।

३.३. कृषि तथा पशुविकासका क्षेत्रमा वजेट व्यवस्थापन तथा प्रवाह प्रक्रिया

क. संघ र प्रदेश सरकारबाट मुसिकोट कार्यपालिकामा सशर्त, बिशेष वा समपूरक अनुदानको रुपमा कृषि क्षेत्रको बजेट प्राप्त वा निकासा हुनेछ र यस मुसिकोट नगरपालिका कार्यपालिकाले पनि आफ्नो आय वा समानिकरण अनुदानबाट रकम थपगरी पठाउन सक्ने छ ।

ख. बैदेशिक श्रोतको अनुदान, ऋण वा प्राविधिक सहायता अन्तर्गतको रकम समेत सशर्त रुपमा पालिकाले निकासा पठाउने छ ।

ग. यसरि कृषि क्षेत्रकालागि प्राप्त भएको रकम सम्बन्धित सभाबाट बजेट स्वीकृत भएको सात दिन भित्र नगरपालिकाको प्रमुखले सम्बन्धित प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्ने छ ।

घ. कृषि, पशु शाखाले आफुलाई प्राप्त अख्तियारी र कार्यान्वयन मार्ग दर्शन कृषि विकास समितिमा पेश गर्ने र कार्य जिम्मेवारी तालिका बमोजिम जिम्मेवार पदाधिकारीलाई कार्यक्रमको बाँडफाँट गरी खर्च गर्न गराउने निर्देशन दिनेछ ।

ङ. अनुदान र सहुलियत वितरण सम्बन्धि छुट्टै कार्यविधी सम्बन्धित कार्यपालिकाबाट पारित गराई राख्नु पर्ने छ ।

च. प्राप्त वस्तुगत सहायता वितरण भन्दा अगाडि गुणस्तर यकीन गरी निश्चित भए पछिमात्र वितरणको ब्यवस्था मिलाइने छ ।

छ. कृषि कार्यक्रममा वैदेशिक सहायता अन्तर्गतको रकम भए सम्झौता बमोजिमको शर्तका अधिनमा रही खर्च गर्नु पर्ने छ र आर्थिक प्रतिवेदन तोकिएको ढाँचामा सम्बन्धित विकास साझेदारलाई समेत उपलब्ध गराउनु पर्ने छ ।

ज. यदि बैदेशिक सहयोगको प्राविधिक सहायता अन्तर्गत रकम संघीय सरकारको स्वीकृतिमा स्थानीय तह संग सम्झौता गरी कार्य संचालन गरिएको छ र रकम स्थानीय कोषबाट प्राप्त भएको छ भने द्वीपक्षीय

सम्झौता बमोजिमका शर्त पालना गर्नुपर्ने छ र निजले मागेको ढाँचामा हिसाब बुझाउनु पर्ने छ ।

झ. यि सबै कार्यको लेखापरीक्षणको जिम्मेवारी सम्बन्धित अख्तियारी प्राप्त शाखा प्रमुखको हुने छ र बार्षिक रुपमा लेखापरीक्षण प्रतिवेदन सम्बन्धित विकास साझेदारलाई समेत उपलब्ध गराउनु पर्ने छ ।

ञ. लेखा सम्बन्धि सम्पूर्ण प्रतिबेदन वार्षिकरुपमा सम्बन्धित सभाको लेखा समितिमा प्रस्तुत गर्न सम्बन्धित कार्यपालिकामा प्रस्तुत गर्नु पर्ने छ, र

ट. बजेट कार्यान्वयन गर्दा वितीय जोखिम न्यूनिकरणका कारण र निराकरणका उपाय समेत अबलम्बन गरी न्यूनिकरण गर्ने पहल गर्ने ।

३.४. पारदर्शिता, जबावदेहिता तथा उत्तरदायित्व, प्रचार, प्रसार, सूचनाको हक र सुशासन

- यस मुसिकोट नगरपालिकामा गरिने क्रियाकलाप, प्रदान गरिने सेवा सुविधालाई पारदर्शी, उत्तरदायी, जबाफदेहि र प्रभावकारी रुपमा नागरिक प्रति सम्बेदनशिल भइ संचालन गर्ने ।
- यस मुसिकोट नगरपालिकामा कार्यक्रम संचालन गर्दा सुशासनका मूलभूत मान्यता जस्तै कानूनी शासन, आर्थिक अनुशासन, मानव अधिकारको पूर्ण प्रत्याभुति, विकेन्द्रीकरण तथा भ्रष्टाचारमुक्त प्रशासन जस्ता असल शासनका आधारभूत मान्यतालाई आत्मसात गर्दै कार्यगर्ने संस्कृति अबलम्बन गर्ने ।
- यस मुसिकोट नगरपालिकामा सुशासन कायम गर्न गराउन कृषि विकास समितिले विशेष पहल गर्ने छ र स्थानीय सरकारबाट कृषि कार्यक्रममा सुशासनको प्रत्याभुति दिलाउन असल शासनका निम्न मूल्य मान्यताको अबलम्बन गर्ने ।
- कृषि कार्यक्रममा सम्बद्ध सबै कर्मचारी र संघसंस्था यस मुसिकोट नगरपालिका प्रति उत्तरदायी भइ कार्य गर्ने छन र तोकिएको जिम्मेवारी तोकिएको समयमा सम्पादन गरी जबाफदेही प्रशासन संचालन गर्ने ।

- यस मुसिकोट नगरपालिकामा कृषि विकास समिति बीच कार्य जिम्मेवारीको स्पष्ट बाँडफाँट कार्य विभाजन नियमावलीमा व्यवस्थागरी गरिनुका साथै कृषिसम्बन्धि कार्यका लागि जिम्मेवार संस्थाकोरुपमा यस समितिको विकास गरिने छ र समितिले पनि सम्बद्ध कार्यालयलाई कार्यजिम्मेवारी किटान गरी जिम्मेवार बनाउन सहजीकरण गर्ने छ ।
- कृषि समबद्ध सबै शाखा प्रमुख बीचमा कार्यसम्पादन करार गरिने छ र उक्त करारको संस्थागतरुपमा नियमित समीक्षा गर्ने गराउने ब्यवस्था मिलाउने ।
- कृषि सम्बद्ध सबै शाखा वा कार्यालयले आफ्नो शाखाबाट उपलब्ध गराइने सेवा, सुविधा लाई निर्दिष्ट ढाँचामा नागरिक बडापत्रमा प्रकाशित गरि राख्ने ब्यवस्था गर्ने ।
- विकास निर्माणका कार्यमा नागरिकको सहभागिता बृद्धि गराउन सहभागितातत्मक समावेशी योजना प्रक्रिया अनिवार्य अवलम्बन गरिने छ र कार्य संचालन गर्दा नागरिकको सहभागिता स्वामित्व प्राप्त हुनेगरी गरिने छ । यसरी कार्य गर्दा विशेष गरेर दलित, अल्पसंख्यक, सिमान्तकृत वा साना किसान र महिला प्रति विशेष सम्बेदनशील रहनेगरी कार्य ब्यवस्था मिलाउने ।
- निश्चित रकम भन्दा माथिको विकास निर्माणकार्यमा सबै विवरण देखिने गरी योजना स्थल र सार्बजनिक स्थानमा सूचना पाटीको (होर्डिंग बोर्डको) व्यवस्था गर्ने ।
- नागरिकको गुनासो सुन्ने र संबोधन गर्ने संस्थागत संयन्त्र स्थापित गरी क्रियाशिल गराइने छ ।
- सुशासनका अभ्यासहरु जस्तै सार्वजनिक÷सामाजिकपरीक्षण, नागरिक सुनवाई, नागरिक पृष्ठपोषण प्रतिवेदन सम्बन्धित कार्यविधीमा तोकिएको समयमा गर्ने गराउने व्यवस्था मिलाउने ।
- सार्वजनिक खरीद ऐन नियमावली बमोजिम खरिद कार्य गर्ने गराउने ।
- आचार संहिता अनिवार्यरुपमा परिपालना गर्ने गराउने ।

- सूचनाको हक सम्बन्धि ऐनको पालना गरिने र बर्गिकृत बाहेकका सबै सूचना नागरिकको पहुँचमा पु¥याउने ।
- बार्षिक कार्यक्रम र बजेट र चौमासिक तथा बार्षिक मुसिकोट नगरपालिकाको कृषि विकासका निती नियम, कार्यविधी, मापदण्ड निर्धारण।
- स्थानीय सरकार संचालन ऐनको परिधिभित्र रहेर यस नगर पालिकाले कृषि विकासको लागि ऐन, नीतिनीयम तथा कार्यक्रम संचालनक लागि आवश्यक मापदण्ड बनाइ सो को आधारमा कार्यक्रम संचालन गर्नु पर्ने छ ।
- नीति नियम तर्जुमा गर्दा महिला कृषक, युवा, बैदेशीक रोजगारीमा रहेका घर परिवारका सदस्यहरू, कृषि उद्धमी, साना तथा व्यवसायीक कृषकहरुका लागि लच्छित गरि सामाजिक समाबेशीताका आधारमा नीति निर्माणगरि लागु गर्ने ।

## ३.५. अनुगमन, मुल्यांकन, समीक्षा र प्रतिवेदन

### क. अनुगमन

- योजना वा कार्यक्रमको एकलवा संयुक्त अनुगमन कार्यको कार्यतालिका नगरपालिकाको अनुगमन समितिबाट स्वीकृत गराईराख्ने र बजेट समेत छुट्ट्याउने ।
- कृषि विकास समितिले आवस्यकतानुसारको अनुगमन संयन्त्र गठन गरी नियमित अनुगमनको ब्यवस्था मिलाउने छ । यस मुसिकोट नगरपालिकामा अनुगमन र सुपरिवेक्षणका लगि उप मेयरको संयोजकत्वमा गठित संस्थागत संयन्त्रको व्यवस्था भएकोले उक्त संयन्त्रँ ंग समितिले समन्वय गरी अनुगमनको ब्यवस्था गर्ने ।
- सूचना प्रविधिको उपयोगबाट अनुगमन सूचना प्रणाली बर्तमानमा स्थापित गर्दा उपयुक्त हुने हुनाले अनुगमनका लागि उपयुक्त प्रणाली विकास गर्ने ।
- कृषि विकास समितिले पनि आफु अन्तर्गत संचालित कार्यक्रमहरुको समयमै अनुगमन गर्न कृषि विकास समितिको संयोजक वा अन्य

सदस्यको संयोजकत्वमा सम्बद्ध शाखाका प्रमुख वा निजको प्रतिनिधि, गैरसरकारी संस्थाको प्रतिनिधी, कृषक समूहको प्रतिनिधि, सहकारी संस्थाको प्रतिनिधि रहेको अनुगमन उप समिति गठन गर्ने र त्यस्को सचिव कृषि शाखा प्रमुख वा निजले तोकेको अधिकृत कर्मचारी हुने व्यवस्था मिलाउने ।

- स्थानीय प्राथमिकता प्राप्त, बहुबर्षिय वा पूजिगत लगानी अत्यधिक भएका योजना, कार्यक्रमहरुका लागि छुट्टै सूचक तयार गरी नियमित अनुगमन गर्ने प्रणाली स्थापित गरिने छ र देखा परेका समस्या समयमै समाधान गरी योजना कार्यक्रम सुचारु गराउने व्यवस्था मिलाउने ।
- समितिले बिषयगत शाखा पनि सुपरिवेक्षण तथा अनुगमनका लागि बजेटको ब्यवस्था गरी अनुगमन गर्न गराउन आवस्यक निर्देश दिने ।

## ख. मध्यावधि मुल्ल्यांकन

- मुसिकोट नगरपालिकामा आवधिक योजना तयार गरी संचालनमा ल्याएको छ भने उक्त योजनाको समष्टि उपलब्धि र परिणामको मापन हुनेगरी बाह्य निकाय वा बिशेषज्ञबाट मध्यावधि मुल्लायांकन गर्ने प्रणाली अबलम्बन गर्ने, र
- बहु बर्षिय योजना वा प्राथमिकता प्राप्त योजना हरुको पनि मध्यावधि मुल्यांकन गरिने प्रणाली अबलम्बन गर्ने ।

## ग. अन्तिम मुल्यांकन

- योजनाका बृहतर लक्ष र उद्देश्य हाँसिल भए नभएको, कहाँ, के कस्ता सबल र कमजोर पक्ष रहन गए बिश्लेषण गरी व्यवस्थापनलाई उपयुक्त नीति, रणनीति तय गर्न मदत पु¥याउन अन्तिम मुल्यांकन को ब्यवस्था गर्ने ।
- मुसिकोट नगरपालिकाको तयार गरेको आवधिक योजनाको समष्टि अन्तिम प्रभाव मुल्यांकन गर्ने प्रावधान राख्ने

- मूल्यांकन प्रणालीमा कृषिक्षेत्रको समेत प्रभाव मुल्यांकन गर्न गराउन ब्यवस्था मिलाउने ।
- आन्तिम मुल्यांकनका लगि तेस्रो पक्षका विज्ञबाट गर्नु गराउने ब्यवस्था गर्ने ।

## घ. समीक्षा

- मुसिकोट नगरपालिकामा प्रत्येक चौमासिक र बार्षिक रुपमा संचालित सबै योजना, कार्यक्रम, आयोजना वा क्रियाकलापहरुको प्रगति समीक्षा कार्यपालिकाले गर्ने हुनाले कृषि विकास समितिले पनि समिति अन्तर्गतका सबै कार्यक्रमको समितिमा समीक्षा गरी समीक्षाको निचोड सम्बन्धित कार्यपालिकाको समीक्षा बैठकमा पेश गर्ने ।
- यस्तो समीक्षा वैठकको आयोजन मुसिकोट नगरपालिकाको बैठक बस्नु अगाडी निश्चित गर्ने ।
- यस समीक्षा बैठकमा सरोकारबाला सबै सरकारी, गैरसरकारी, निजी, सहकारी, विकास साझेदारहरुको सहभागिता सुनिश्चित गर्ने ।
- समीक्षामा आँकडा प्रस्तुति गर्नु भन्दा पनि देखा परेका मुद्दा, समस्याहरुबारे छलफल गर्ने र समस्या समाधानका सहज उपायको खोजि गर्ने र कुन तहबाट उक्त समस्या समाधान हुने हो सोको समेत जिम्मेवारी तोक्ने कार्य गर्ने ।
- कृषिमा पूजिगत खर्चमा कमी हुनुमा देखापरेका समस्याको समेत समयमै निदान गरिने गरी समाधान खोज्ने ।
- स्थानीय, प्रादेशिक वा राष्ट्रिय प्राथमिकता प्राप्त योजनाको २÷२ महिनामा समीक्षा गरिने प्रणाली अबलम्बन गर्ने ।
- विकास साझेदारहरुको सहयोगमा संचालित योजना को समीक्षा समेत गर्ने र
- समीक्षा बैठकमा प्राप्त गुनासाहरुलाई समेत सम्बोधन गर्ने ।

## ङ. प्रतिवेदन

- यस मुसिकोट नगरपालिकाले पारित गरेको आर्थिक कार्यविधी अनुसारको ढाँचामा आर्थिक प्रतिबेदन मासिक रुपमा अख्तियार प्राप्त शाखा प्रमुखले तोकिएको कार्यालय वा निकायमा पठाउने ।
- भौतिक प्रगति प्रतिवेदन साधारणतया चौमासिक भुक्तान भएको ७ दिन भित्र अख्तियार प्राप्त शाखा प्रमुखले मुसिकोट नगरपालिकामा पठाउने ब्यवस्था मिलाउने ।
- यसकालागि कृषिसंग सम्बद्ध सबै सरोकारवाला बाट समय मै प्रतिवेदन संकलन गरी निश्चित फरम्याटमा राखि एकिकृत गरी सम्बन्धित मुसिकोट नगरपालिकामा पठाउनु पर्ने भएकोले कृषिसँग सम्बद्ध निकाय हरुले पनि आ÷आफ्नो निकायको भौतिक प्रतिवेदन समितिका सचिव वा शाखा प्रमुख समक्ष पठाउने र
- चौमासिक प्रतिवेदनमा भौतिक प्रगतिका साथै आय व्ययको समग्र स्थिति प्रस्तुत गरिने व्यवस्था गर्ने ।

**कार्यक्रम कार्यान्वयन प्रतिवेदन**

- अख्तियारि प्राप्त प्रत्येक निकायले मासिक रुपमा वित्तीय र प्राथमिकता प्राप्त कार्यक्रमको दुइ÷दुइ महिनामा र अन्य सबै कार्यक्रमको चौमासिक रुपमा भौतिक प्रगति प्रतिवेदन तोकिएको ढाँचामा सम्बन्धित कार्यपालिकामा पठाउने ।
- यसरी पठाएको प्रतिवेदन सम्बन्धित बिषयगत समितिको सचिवलाई समेत उपलब्ध गराउने ।
- प्राथमिकता प्राप्त योजनाको २÷२ महिनामा प्रमुखले कार्यपालिकामा समीक्षा गरी वाधा अडकाउ भए फुकाउने र समयमा प्रगति हाँसिल गर्ने रणनीति समेत तय गर्ने ।
- चौमासिक प्रगति प्रतिवेदन जिल्ला समन्वय समिति, प्रदेश वा संघीय सरकारको सम्बन्धित मंत्रालयमा एकिकृत गरी महिना भुक्तान भएको १५ दिन भित्र प्रस्तुत गर्ने ।
- बार्षिक प्रतिवेदन पठाउने सम्बन्धित कार्यपालिकाले बार्षिक प्रतिवेदन तोकिएको ढाँचामा आर्थिक बर्ष भुक्तान भएको एक महिना

भित्र सम्बन्धित जिल्ला समन्वय समिति, प्रदेश तथा संघीय मंत्रालयमा पठाउनु पर्ने र

- प्रगति स्थितिको आधारमा कर्मचारीको कार्यसम्पादन मुल्यांकन गर्ने प्रणाली स्थापित गर्ने यसका लागि प्रत्येक कर्मचारीको कार्य जिम्मेवारी विबरण प्राप्त गरी तदनुसार कर्मचारीको कार्यसम्पादन मुल्यांकन गर्ने ।

## परिच्छेद ४
## बिबिध संसोधन, खारेजी र वचाउ

क. स्थानीय तह्मा संचालित कृषि तथा पशु विकासका कार्यक्रम यसै व्यवस्था बमोजिम संचालन भएको मानिने छ ।

ख. **कार्यविधि** संसोधनः यस कार्यविधिलाई मुसिकोट नगरपालिकाको आवश्यकता अनुसार संसोधन तथा खारेजी गर्न सक्ने छ ।

ग. यस **कार्यविधि** उल्लेख नभएका अन्य कुराहरु स्थानीय सरकार संचालन ऐन २०७४ र प्रचलित कानून बमोजिम हुने छ ।

# अनुसूचि १

योजनाको प्राथामिकता निरधारण तथा निर्माणक चरणहरूः

बिषय क्षेत्रगत वा आवधिक योजना तर्जुमा गर्दा कृषि क्षेत्रको सम्बन्धित स्थान बिशेष को संभाव्यता हेरी देहायका आधारमा प्राथमिकीकरण र कृषि व्यवसायीकरणका माध्यमबाट प्राथमिकताका बिषयमा ध्यान पुरयाउने ।

- आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदानपुग्ने,
- उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने,
- स्थानीय जनताको जीवनस्तर, आम्दानी र रोजगार बढ्ने,
- महिला बालबालिका तथा पिछडिएका वर्ग क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने,
- लैङ्गिक समानता र सामाजिक समावेशीकरण अभिवृद्धि हुने,
- वातावरणीय संरक्षण तथा सम्वर्द्धन, जलवायू परिवर्तन अनुकूलनमा सघाउ पु¥याउनुका साथै दिगो विकासको लक्ष प्राप्तिलाई प्राथमिकता दिई तर्जुमा गर्न सघाउ पु¥याउने र
- बार्षिक योजना तयार गर्दा बिषय क्षेत्रगत, आवधिक योजनाका लक्ष, उद्देश्य, नीति, रणनीति र कार्यक्रम प्राथमिकता समेत लाई ध्यानमा राखी बार्षिक योजना, कार्यक्रम बजेट तर्जुमा गर्दा ध्यान दिने ।

क. योजना तर्जुमाका चरण र प्रक्रिया

- बार्षिक योजना तर्जुमा गर्दा बजेट निर्धारण समितिबाट कृषि क्षेत्रको बजेट पूर्वानुमानको सीमा र मार्गदर्शन तयारीमा माग भएको आवश्यक प्राविधिक सहयोग पु¥याउने ।
- मुसिकोट नगरपालिकाबाट आगामी बर्षको श्रोतको अनुमान, बजेट सीमा तथा मार्गदर्शन प्राप्त भएपछि कृषि क्षेत्रसँग सम्बद्ध सबै सरोकारवालाहरु (बिषयगत शाखा, गैरसरकारी संस्था, निजी क्षेत्र, सहकारी संस्था, विषय विज्ञ आदि) को बैठक बोलाउने ।
- कृषि क्षेत्र÷उपक्षेत्रगत (पशु स्वास्थ, मत्स्यपालन, फलफूल खेति, तरकारी आदि) को नगरपालिका स्तरिय र वडास्तरीय पूर्वानुमानको प्राप्त बर्गिकरणलाई लगानीका क्षेत्र तोकी उप क्षेत्रगत तथा

वडास्तरीय कृषि कार्यक्रमको बजेट पूर्वानुमान र मार्गदर्शन तयार गर्ने ।

- प्राप्त बजेट पूर्वानुमान, मार्गदर्शन र अबलम्बन गरिने नीति रणनीति र बिषय र भौगौलिक क्षेत्रगत लगानीको बाँडफाँट गरी सम्बन्धित शाखा, सेवाकेन्द्र, वडा वा इकाईमा मार्गदर्शन सहित बजेट पूर्वानुमान पठाइने र सम्बन्धित जिम्मेवार व्यक्ति समेत तोकी योजना तर्जुमा प्रक्रियाको थालनी समेत गर्ने ।
- बिषयगत निकाय र गैरसरकारी संस्थाको कार्यक्रम बीचमा पनि परिपूरकता कायम गरी एकिकृत योजना तर्जुमा गर्ने गराउने ।
- वस्ति स्तरमा रहेका कृषक समूह, समिति तथा संस्थासँग अन्तरक्रिया गरी तिनका माग र प्राथमिकताहरुलाई सम्बोधन गर्ने र तिनले गर्न सक्ने लागत सहभागितालाई समेत संकलन गरी उनीहरुकै सहभागितामा तोकिएका मापदण्डका आधारमा प्राथमिकता निर्धारण गर्ने ।
- सबै वस्तिरटोलस्तरबाट माग र प्राथमिकता संकलन भए पश्चात सम्बन्धित वडा सचिवले बिषयगत र अन्य सरोकारवालासँग छलफल गरी बिषय क्षेत्रगत रुपमा कार्यक्रम र बजेट छुट्याउने र बजेट पूर्वानुमानको रकमसँग मेलखाने गरि एकिकृत गरी वडा अध्यक्ष समक्ष घटबढको विबरण पेश गर्ने ।
- यदि कुनै योजना वा कार्यक्रम अत्यन्त जरुरि छ र बजेट पूर्वानुमान भित्र रहन नसकेमा गाउँस्तरीय योजना मा समावेश गर्ने गरी सुची समेत प्रस्तुत गर्ने ।
- वडासमितिले सबै सरोकारवाला को बैठक बोलाई यसरी वस्ति र टोलस्तर बाट संकलित भएको सूचीमा बिषयगत प्राथमिकता निर्धारण अनुसार रुजु गरि वडा समितिबाट पारित गर्ने र यसरी पारित गर्दा वडास्तरीय तथा मुसिकोट नगरपालिका पालिकास्तरीय योजनामा बर्गिकरण गरी सिफारिश सहित सम्बन्धित कार्यपालिकामा पेश गर्ने ।

- यदि कुनै योजना दुइ वा दुई भन्दा वढि वडामा संचालन गरिनु पर्ने रहेछ भने ती वडाबीचको समन्वय बैठक राखी अन्तर वडास्तरीय योजनाको प्राथमिकता समेत सम्बन्धित कार्यपालिकामा सिफारिश सहित पेश गर्ने ।
- नगर कार्यपालिका सचिवले वडावाट प्राप्त सबै सूचीलाई तथा नगरपालिका पालिकास्तरीय बिषयगत शाखाबाट प्राप्त सूचीलाई समेत एकिकृत गर्ने र यसरि एकिकृत गरिएको सूचीलाइ बिषय क्षेत्रगत प्राथमिकताक्रम अनुसार सुची तयार गर्नुका साथै उक्त सुचीलाई वडास्तरीय र पालिकास्तरीयमा बर्गिकरण गरी सम्बन्धित बजेट तथा कार्यक्रम तर्जुमा समितिमा पेश गर्न अध्यक्ष वा प्रमुख समक्ष प्रस्तुत गरिने र उक्त योजना तर्जुमा समितिमा पठाउने ।
- बजेट तथा कार्यक्रम तर्जुमा समितिले यसरी प्राप्त योजना र कार्यक्रमलाई सम्बन्धित बिषय क्षेत्रगतगत समिति मा छलफलका लागि पठाउने ।
- कृषि सम्बन्धी बिषयगत समितिले यसरी वडा, विषयगत शाखा तथा कृषि सम्बन्धि गैर सरकारी संस्था, निजीक्षेत्र र सहकारी संस्थाबाट प्राप्त सुचीलाई एकिकृत गरी आफुलाई प्राप्त बजेट पूर्वानुमान र मार्गदर्शन अनुसार भए नभएको हेर्नुका साथै प्रदेश र संघीय योजना तथा कार्यक्रमसँग परिपूरकता कायम समेत गराउने ।
- कृषिसँग सम्बन्धित अन्य बिषयगत निकायसँग समेत पारस्परिकता हुनेगरी कृषि सम्बन्धि बार्षिक तथा बहुबर्षिय कार्यक्रम र बजेट प्राथमिकता क्रम निर्धारण गरी मुसिकोट नगरपालिका कार्यपालिका स्तरीय बजेट तथा कार्यक्रम तर्जुमा समितिमा राय सिफारिश सहित पठाउने ।
- यस नगरपालिका लागि बजेट वक्तव्यमा पारिनु पर्ने कृषि सम्बन्धी नीति समावेश गरी कृषिमा हुने समष्टि लगानी र उपलब्धीको प्रक्षेपण सहितको नीति तयार गरी सम्बन्धित सभामा पेश गरिने बजेट बक्तव्यको मसौदा समेत तयार गरी योजना तर्जुमा समितिमा प्रस्तुत गर्ने ।

योजना तर्जुमा समितिले कृषि समिति बाट प्राप्त गरेको एकिकृत कार्यक्रम, बजेट र नीति नगरपालिकामा पठाउनु अगाडी निम्न कार्य गर्ने,

- सम्बन्धित क्षेत्रमा संचालन हुने योजना र कार्यक्रममा दोहोरोपन आउन नदिने गरी आपसी तादाम्यता र परिपूरकता कायम गर्ने व्यवस्था मिलाउने ।
- बजेट तथा कार्यक्रमको बिषयक्षेत्रगत सम्बन्धित समितिमा पुनः छलफल गराउनु पर्ने भए गराई अन्तिम प्रस्ताव तयार गरी कार्यपालिकामा पेशगर्न आदेश दिने ।
- आवधिक योजना तयार भएको रहेछ भने उक्त आवधिक योजनाको दूरदृष्टि, लक्ष, उद्देश्य, नीति र कार्यक्रमका प्राथमिकता अनुकूल भए नभएको हेरी उक्त आबधिक योजनासँग तालमेल हुनेगरी प्रस्तुत गर्ने ।
- संघीय सरकारमा नेपाल सरकारले बजेट प्रस्तुत गर्ने समय जेष्ट १५ गते तोकिएको हुनाले बजेट बक्तव्यको संघीय नीति समेत स्थानीय तहमा असर पर्ने भए सो विषय समेत स्थानीय तहको नीति र कार्यक्रम समाबेश गर्ने ।
- त्यस्तै प्रदेश सरकारले जेष्ठ मसान्त भित्र बजेट र कार्यक्रम प्रस्तुत गर्ने हुँदा स्थानीय तहलाई असर पर्ने भए सो विषय समेत स्थानीय तहको नीति र कार्यक्रम समाबेश गर्ने ।
- आगामी आर्थिक बर्षको नीति तथा कार्यक्रमको अन्तिम प्रस्ताव तयार गर्ने ।
- यदि वहु बर्षिय योजना रहेछ भने त्यसको लगानीको प्रक्षेपण र उपलब्धि लक्ष समेत निर्धारण गरी प्रस्तुत गर्ने ।
- बजेट सीमा भित्र रही बजेट तथा कार्यक्रमको प्राथमिकीकरण गर्ने र घाटा बजेट प्रस्तुत गर्न बन्देज रहेको हुँदा कुनै हालतमा पनि घाटा बजेट र कार्यक्रमा सिफारिश नगर्ने ।

- सम्बन्धित नगर सभामा प्राप्त बजेट तथा कार्यक्रममा छलफल गरी अषाढ २५ गते भित्र कार्यपलिका सँग केहि थप बुझ्नु पर्ने भएमा कार्यपालिकामा निर्देशन सहित प्रस्ताव सम्बन्धित कार्यपालिकामा फिर्ता पठाउने व्यवस्था गर्ने ।
- कार्यपालिकाले यसरी प्राप्त फिर्ता हुन आएको बजेट तथा कार्यक्रममा केहि हेरफेर गर्न उचित देखिएमा वा नदेखिएमा पुष्ट्याँई सहित पुनः सम्बन्धित सभामा राय सहित पेश गर्ने ।
- सम्बन्धित सभाले अषाढ मसान्त भित्र बजेट र कार्यक्रम पारित गरि सक्नुपर्ने ।
- बजेट र कार्यक्रम सार्वजनिकिकरणः सभाबाट स्वीकृत भए पछि बिभिन्न संचार माध्यमबाट सर्वसाधारणको जानकारीकालागि बजेट, कार्यक्रम र लिइएका नीति कार्यपालिकाले प्रकाशित गर्नुपर्ने छ ।

ख. योजना कार्यान्वयन

- नगरसभा बाट पास भएका कृषि योजानहरुको प्रभाबकारि संचालनका लागिआबस्यकता अनुसार स्थानीय मापदण्ड तयार गरि सोको आधारमा कार्यक्रम कार्यान्वयन गर्ने छ ।
- सबै सरोकारवालाले कार्यक्रम र बजेट को कार्यान्वयन र जिम्मेवारी तालिका तयार गर्नेः
- कार्यक्रम स्वीकृत भएपछि सरोकारवाला सबै विषय प्रगति प्रतिवेदन आमसंचार मार्फत सार्वजनिक गर्ने गराउने र कार्यालयको सूचनापाटी र वेबसाइटमा राख्ने।

आज्ञाले,

माधव प्रशाद शर्मा

प्रमुख प्रशासकीय अधिकृत